# चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २६ मितिः फागुन १२ गते, २०७९

## भाग–२
## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. १८
## नगरस्तरीय विषयगत शिक्षक सञ्जाल गठन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तवनाः**

चन्द्रागिरि नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने विषयगत शिक्षकहरुबीच विषयगत अध्यापन अनुभव आदानप्रदान गरी आवश्यक रणनीति निर्माण, आधुनिक र विद्यार्थीमैत्री शिक्षण सिकाइ प्रक्रिया अवलम्वन गर्दै विद्यार्थीहरुको गुणस्तर अभिवृद्धि गर्न, शिक्षकको विषय विज्ञताको विकास र सदुपयोग गर्न वाञ्छनीय भएकाले चन्द्रागिरि नगरपालिकाको नगर शिक्षा ऐन, २०७५ को दफा ४९ को उपदफा (२) को अधिकार प्रयोग गरी नगरपालिकाले यो कार्यविधि जारी गरी लागू गरिएको छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) संक्षिप्त नाम र प्रारम्भः यस निर्देशिकाको नाम ''नगरस्तरीय विषयगत शिक्षक सञ्जाल गठन तथा व्यवस्थापन कार्यविधि २०७९'' रहेको छ ।

(२) यो कार्यविधि चन्द्रागिरि नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) ''ऐन'' भन्नाले चन्द्रागिरि नगर शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(२) ''कार्यालय'' भन्नाले चन्द्रागिरि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(३) ''समिति'' भन्नाले विषयगत शिक्षक कार्यसमिति सम्झनु पर्दछ ।

(४) ''सञ्जाल'' भन्नाले चन्द्रागिरि नगरपालिकाको नगरस्तरीय विषयगत शिक्षक सञ्जाल सम्झनु पर्दछ ।

(५) ''वरिष्ठ शिक्षक'' भन्नाले माथिल्लो तह र पदमा सबैभन्दा पहिलेदेखि कार्यरत र उमेरमा जेष्ठ शिक्षकलाई सम्झनु पर्दछ ।

## परिच्छेद - दुई
## उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य निम्नानुसार छन्ः**

(क) विद्यालयगत शिक्षण सिकाइ क्रियाकलापको अनुभव आदानप्रदान गर्ने,

(ख) विषयगत शिक्षण सिकाइ क्रियाकलापमा एकरुपता ल्याउने,

(ग) विद्यार्थीहरुको विषयगत सिकाइ उपलब्धी अभिवृद्धि गर्न सहयोग पुर्‍याउने,

(घ) विषयगत शिक्षण सिकाइका समस्याको आपसी छलफलबाट समाधानको खोजी गर्ने, र

(ङ) प्रश्नपत्र निर्माण र मूल्याङ्कनलाई पाठ्यक्रमको मापदण्डबमोजिम विश्वसनीयता र वैधता कायम गर्ने ।

## परिच्छेद - तिन
## विषयगत शिक्षक सञ्जाल गठन

४. **सदस्यताः** (१) चन्द्रागिरि नगरपालिकाभित्रका विद्यालयहरुमा अध्यापन गरिरहेका विषयगत शिक्षकको रुपमा नगरपालिका वा विद्यालयबाट नियुक्त सबै शिक्षक सम्बन्धित विषय शिक्षक सञ्जालका पदेन साधारण सदस्य हुने छन् ।

५. **सदस्यता नरहने अवस्थाः** निम्न अवस्थामा विषयगत शिक्षक सञ्जालको सदस्यता रहने छैनः

(क) शिक्षक सरुवा भएमा वा नगरपालिकाभन्दा बाहिर कार्यक्षेत्र भई गएमा,

(ख) अवकाश लिएमा वा भएमा,

(ग) सदस्यमा नरहने गरी राजीनामा दिएमा,

(घ) मृत्यु भएमा, र

(ङ) कार्य क्षमताको अभावमा समितिको बहुमतले हटाएमा ।

६. **सञ्जाल गठनः** (१) साधारण सदस्य रहेका विषयगत शिक्षकहरुको भेलाबाट कार्यालयको रोहवरमा निम्न शिक्षण विषयमा प्रत्येक विषयका छुट्टाछुट्टै नौ सदस्यीय कार्यसमिति रहेको नगरस्तरीय विषयगत शिक्षक सञ्जाल गठन हुनेछः

(क) नेपाली,

(ख) अंग्रेजी,

(ग) गणित,

(घ) विज्ञान, र

(ङ) सामाजिक ।

तर, सामाजिक विषयभित्र धेरै विषय पर्ने भएकाले प्रत्येक उपविषयहरुमा न्यूनतम् ३ जना शिक्षक रहने गरी व्यवस्था गरिनेछ ।

(२) नौ सदस्यीय कार्यसमितिमा एक जना संयोजक र अन्य आठ जना सदस्य हुनेछन् । संयोजकको चयन भेलाबाट छनोट भएका नौ जना सदस्यहरुमध्ये वरिष्ठ शिक्षकलाई गरिनेछ । शिक्षक र प्रअको हकमा सम्बन्धित तहको प्रअ नै वरिष्ठ शिक्षकको रुपमा मानिनेछ । पहिलो बैठक जेष्ठ सदस्यको अध्यक्षतामा हुनेछ ।

(३) सञ्जाल गठन गर्दा योग्यता र दक्षताको सिद्धान्तलाई अवलम्वन गरिनेछ ।

(४) सञ्जालको कार्यसमिति बैठकमा विज्ञको रुपमा बढीमा तिनजनासम्मलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) प्रत्येक तहबाट कार्यसमितिमा कम्तिमा दुईजना शिक्षक रहने छन् ।

(६) कार्यसमितिमा रहने शिक्षक कम्तिमा पाँच वर्ष सम्बन्धित तहमा अध्यापन गरेको हुनु पर्नेछ ।

७. **पदावधिः** सञ्जालको नगरस्तरीय कार्यसमितिको पदावधि तिन वर्षको हुनेछ ।

८. **बैठकसम्बन्धि कार्यविधिः** (१) सञ्जालको बैठक शैक्षिक सत्रभरमा कम्तिमा तिन पटक र आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठक सञ्चालनसम्बन्धी कार्यविधि कार्यसमितिले आफै तय गर्नेछ ।

(३) सञ्जालहरुको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

(४) बैठक बस्दा सदस्यहरुले नियमानुसारको सुविधा पाउने छन् ।

## परिच्छेद - चार
## काम, कर्तव्य र अधिकार

९. **विषयगत शिक्षक सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) नगरस्तरीय विषयगत कार्य योजना निर्माण र कार्यान्वयन गर्ने गराउने,

(ख) विषयगत भेलामा विज्ञहरुलाई आमन्त्रण गरी अनुभव आदानप्रदान गर्ने,

(ग) विषयगत क्रियाकलापहरु सञ्चालन गर्ने गराउने,

(घ) विषयगत शिक्षक तालिमको पहिचान गरी कार्यालयमा सिफारिस गर्ने,

(ङ) पाठ्यक्रम अनुसार परीक्षाका प्रश्नपत्रहरु तयार गर्न कार्यालयलाई सहयोग गर्ने,

(च) विषयगत शिक्षण सिकाइ क्रियाकलापका समस्या पहिचान र समाधानका विकल्प गर्ने,

(छ) परीक्षाका लागि विषयगत पाठ्यांशको विभाजन गर्ने,

(ज) शिक्षण सिकाइ सुधारका लागि लेख, रचना तथा अध्ययन प्रतिवेदन प्रकाशन गर्ने, र

(झ) कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - पाँच
## विविध

**१०. संशोधन तथा व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आइपरेमा वा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले संशोधन तथा व्याख्या गरे अनुसार हुनेछ ।

**११. मान्य नहुनेः** यस कार्यविधिमा उल्लिखित प्रावधान प्रचलित कानूनबमोजिम बाझिएमा त्यस्तो बाझिएको प्रावधान स्वतः अमान्य हुने छ ।

प्रमाणिकरण: २०७९ फागुन १२ गते

मूल्य रू. ५/-

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत